सरावल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय,

सरावल, नवलपरासी

५ नं. प्रदेश

प्रथम पटक प्रकाशित मिति :२०७५।०७।०८

यस कार्यालयबाट चालु आ.ब.०७५।७६ मा सरावल गाउपालिको निर्णय अनुसार ह्युमपाइप खरिद गर्नेकार्यका लागि दर्ता तथा स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र प्राप्त निर्माण व्यवसायीबाट निम्न शर्तको अधिनमा रही बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु:

१.सम्बन्धित कागजातहरु संलग्न भएको बोलपत्र फारम सरावल गाउ कार्यपालिकाको कार्यालय,सरबाल नवलपरासीबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३० औ दिनसम्म कार्यालय समयभित्र सरावल गाउपालिकाको नाममा रहेको संचितमुल कोपखाता नं.३१००३०४०१८१०३ रा.वा.बैक परासी मा तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिने छ।

२.बोलपत्र खरीद गर्दा आ.ब.०७५/७६ सम्म नवीकरण भएको ईजाजत पत्र र मु.अ.कर दर्ता प्रमाणपत्र र आ.ब. ०७५/७६ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ।

३.यसरी खरिद गरिएका बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२ :०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ। म्याद भित्र प्राप्त हुन आएका सिलबन्दी बोलपत्र सोही दिन दिनको १३ :०० बजे तथा बोलपत्र दाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा सरावल गाउ कार्यपालिकाको कार्यालय,सरावलमा खोलिने छ। बोलपत्र वा निजको अधिकार प्राप्त प्रतिनिधि अनुपस्थित भएमा पनि कार्यालय प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोल्न बाधा पर्ने छैन।

४.बोलपत्र दातालाइ बोलपत्रमा दर (रेट) भर्नु अघि केही कुरा बुझ्न भए बुझि दररेट भर्न सुझाव दिईन्छ।

५. बोलपत्रको प्रत्येक आइटमको भ्याट बाहेकको दर अंक र अक्षरमा प्रष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

६. बोलपत्रको मान्य अवधि ९० दिन हुनेछ।

७. बोलपत्रसाथ अनिवार्य रुपमा जमानत वापतको रकम तल उल्लेखित रकम सरावल गाउपालिका,नवलपरासीको रा.बा.बैक, परासी शाखामा रहेको धरौटी खाता **३१००३०३०७१०२ ग३** मा दाखिला गरेको सक्कल भौचर अथवा यस कार्यालयको नाममा जारी भएको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको जमानीपत्र (बिडबण्ड) संलग्न हुनुपर्नेछ। नगद रकमलाई मान्यता दिइने छैन।

८. कुनै पनि बोलपत्रदाताले एउटा बोलपत्र खरीद र दाखिला गर्न सक्नेछन। यो शर्त संयुक्त उपक्रममा पनि लागू हुनेछ।

९. बोलपत्र पेश गर्दा खाम बाहिर बोलपत्रदाताको नाम, ठेगाना, ठेक्का क्रमसंख्या, कामको विवरण, दस्तखत र छाप स्पष्ट उल्लेख गर्नुपर्नेछ।

१०.बोलपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ।

११.रित नपुगी वा म्याद नाघी आएका बोलपत्र उपर कुनै कारबाही हुनेछैन।

१२.नेपाल सरकारको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१३.बोलपल स्वीकृत भइसकेपछि कबोल अंकको ५% ले हुने रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल बैक भौचर वा कम्तीमा ६ महिना म्याद भएको परफरमेन्स वन्ड (Performance Bond) पेश गर्ने।

१४.उपरोक्त बुदाहरुमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा २०६४ अनुसार हुनेछ।

१५.सिलबन्दी दरभाउ पत्र सम्बन्धि अन्य जानकारी चाहिएमा यस कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

तपशिल

| क्र.सं. | ठेक्का क्र.सं. | ठेक्को किसिम | कामको विवरण | लागत अनुमान रु.( भ्याट र कन्टिनजेन्सी बाहेक) | जमानत रकम (रु.) | सिलबन्दी दरभाउ पत्र खरिद दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | २/०७५/७६ | बोलपत्र | ह्युमपाइप खरिद | २६१३७६०।६३ | ७५०००।०० | १०००।०० |

प्रमुख प्रसाशकिय अधिकृत